# तिनाउ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# दोभान, पाल्पा

# आ.ब.०७८।०७९ को वार्षिक
# नीति तथा कार्यक्रम

**मिति : २०७८ आषाढ ०९ गते बुधवार**

## तिनाउ गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ताः अध्यक्ष श्री ओम बहादुर घर्ति मगर**

गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु , कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्य तथा सभाका सदस्य ज्यूहरु, कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,

तिनाउ गाउँपालिकाको नवौ गाउँसभाको यस गरिमामय उपस्थितिमा सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत अभिभादन ब्यक्त गर्न चाहन्छु । राष्ट्रको हितको लागि आफ्नो ज्यान अर्पण गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली ब्यक्त गर्न चाहन्छु । कोरोनाको दोस्रो लहरमा संक्रमणमा परी ज्यान गुमाउनुहुने तिनाउ लगायतका दाजुभाई दिदिबहिनी प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्न चाहन्छु । साथै कोरोना संक्रमणमा परी होम आईसोलेसनमा रहेका वा कोरोना अस्पतालमा रहनु भएका सवैको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

हामीहरु संघीयता लागु भएपछिको पहिलो स्थानीय तहको निर्वाचनमा निर्वाचित भएर आएका जनप्रतिनिधिहरु हौ । अहिले हामी हाम्रो पाँच वर्षको कार्यकालको अन्तिम वर्षको बजेट विनियोजन गर्ने तयारीमा छौ । नेकपा एमाले , नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र गरी ३ फरकफरक पार्टीबाट प्रतिनिधित्व गरी आएका हामी विगत चार वर्ष देखी समझदारी र सहकार्यमा सन्तुलित ढङ्गले विकास निर्माणका कामहरु र जनताको सेवामा क्रियाशिल रहदै आएका छौ । बाँकी एक वर्षमा पनि समझदारी र सहमतीको आधारमा सुरु गरिएका विकासका कामहरु सम्पन्न गर्ने छौ भन्ने मैले पुर्ण विश्वास लिएको छु । गत वर्ष देखिको कोरोना संक्रमणको कारण यस चालु आ.व.मा हामीले लक्ष्य पुरा गर्न कठिनाई वेहोर्न पर्‍यो भने आगामी वर्षको विकास निर्माणका कामहरु समयमै सुरु गरी समयमै सम्पन्न गर्नका लागि सम्पूर्ण जनप्रतिनिधिहरु तथा कर्मचारी साथीहरु समयमै परिचालित हुन विनम्र पूर्वक अपिल गर्दछु ।

सभाका माननीय सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०७८।०७९ को वार्षिक  नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु

## सडक

विकासको मेरुदण्ड भनेको सडक हो ।सडकको विकास विना अन्य पक्षको विकास हुन सक्दैन । वडा न. १ को ठाडे गाउँमा अझैसम्म मोटरबाटो पुग्न सकेको थिएन । उक्त गाउँमा यस आर्थिक वर्षमा मोटरबाटो पुऱ्याउने छौ । वडा न. ६ को भैसीकट्टा पिपलगौडा मोटरबाटो यस वर्ष ट्र्याक खोलिनेछ । दोभान बोटेगाउँ मरेक मोटरवाटोको ट्र्याक खोलिनेछ । रानीवगिया झिगामारा ठूलीउदाङ मोटरबाटो, जाल्माघाट बौरीडाडा डुडाखोला गीजिनचौर मोटरबाटो , चरचरे मरामकोट मोटरबाटो र डुम्रे बगैचावारी बेलडाडा कोलाङ चिदिस शिखरडाँडा मोटरबाटो स्थानीय र प्रदेश सरकार सँगको समपुरक बजेटबाट स्तरोन्नती गरिनेछ । झुम्सा मरेक सिस्नेखोला मस्याम मोटरवाटो केन्द्र सरकार संगको समपुरक बजेट बाट स्तरउन्नती गरिनेछ ।

कुडापानी ताल ओखलढुङ्गा मोटरबाटो , खुर्सानि कचल मोटरबाटो । मरेक सिस्नेखोला मस्याम मोटरबाटो र केरावारी पाताल मोटरबाटोप्रदेश सरकारको सर्शत बजेटबाट स्तरोन्नती गरिनेछ । दोभान झ्याङला हरीयाली गाउँ मोटरबाटो , झुम्सा चौकीभञ्याङ चरङ्गे मोटरबाटो , चरचरे कोलडाँडा मोटरबाटो , डुम्ब्रे भैसीकट्टा पोरक्नी मोटरबाटो , प्रदेश सरकारको सहयोगमा स्तरोन्नती हुनेछ । डुम्ब्रे चकल्दी कुसुमखोला मोटरबाटोको तिनाउ खण्ड यसै आ.व.मा राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट पिच हुनेछ । दोभान नुवाकोट बेलबास मोटरबाटो केन्द्रिय योजनाबाट पक्की गर्ने काम अगाडी बढ्नेछ । दोभान ओखलढुङ्गा बुढीकोट मोटरबाटो, झुम्सा मरेक मोटरबाटो पानीमिल श्रीडाडा मोटरबाटो खानी पहुँच मार्गको रुपमा सधै झै स्तरोन्नती हुनेछ । पालिका भित्रका सानातिना सडकको सरसफाई र स्तरोन्नती गाउँपालिकाले गर्ने छ । नुवाकोट हापुर हरियाली गाउँ मोटरवाटो, झुम्सा सराङखोला हात्तिकोट मोटरवाटो , बेसीथपनडाडा जगात मोटरवाटो, चरचरे विस्कुनडाडा मोटरवाटो, सिस्नेखोला अर्खले पाटन मोटरवाटो लगायत का सडकहरुलाई गाउँपालिका वाट स्तरउन्नती गरीनेछ ।

## खानेपानी तथा सरसफाई

एक घर एक धारा भन्ने हाम्रो नीति कार्यान्वयन हुदै गईरहेको छ । लिफ्टीङ खानेपानी आयोजनाहरु विद्युत आपुर्तिको समस्याको कारणले प्रभावित बनेका छन् । डढेगाँउ लिफ्ट खानेपानी योजना , ताल मुर्थुम लिफ्ट खानेपानी योजना, भिmगामारा खबारे लिफ्ट खानेपानी योजना पाटन लिफ्ट खानेपानी योजना हरुमा यस वर्ष विद्युत आपूर्ति समाधान गरेर यस आ.व.मा संचालनमा ल्याईनेछ । चिउरे लिफ्ट खानेपानी योजना , बुढीकोट ठूलीउदाङ लिफ्ट खानेपानी योजना , घुघराछाप लिफ्ट खानेपानी योजना , शिखरडाडा लिफ्ट पानेपानी योजना, अर्खले लिफ्ट खानेपानी योजना , गड्डा लिफ्ट खानेपानी योजना यस वर्ष सम्पन्न गरिनेछ । तिनाउ खानेपानी योजना बाट झुम्सा र दोभान क्षेत्रमा खानेपानीको ब्यवस्था गरिनेछ । वडागत रुपमा वडा न. १ डमराई कचलफाँट, ओर्लोकफाँन, कठहरा , गुरिन्थान , काफलबारी घैयार, कुडापानी, रितुङ, ओखलढुङ्गा, ठूलीउदाङ, ताल बुढीकोट ,वडा नं. २ को खेतखोला, खुर्सानेे बुढासटक, देउले, सातपत्रे, सिस्नेरी, मारावास, सुकेताल, पासकुण्डा, कोलडाडा, बडहरे, बेवरे, वडा न. ३ मा केसीटोल, बेलदमार, झुम्सा श्रीडाँडा, लग्दुवा मधुवन, वडा न. ४ लठरे, भदारी तल्लोटोल , वडा न. ५ मा नयाँगाउ, मरामकोट, चरचरे, पाताल, कोलडाँडा , वडा न. ६ भैसीकट्टा बाजखरक आदी स्थानहरुमा यस आ.व.मा खानेपानी योजनाहरु मर्मत संभार तथा निर्माण सम्पन्न गरिनेछ । योजना सम्पन्न भएपछि उपभोक्ताहरुले प्रत्येक घरघरमा धारा तथा मिटरबक्स जडान गरी न्यनतम शुल्क लिएर उपभोक्ता बाटै सामान्य मर्मत संभार गर्ने ब्यवस्था गरिनेछ ।

## सिचांईतर्फ

कृषि विकासको लागि सिंचाईको सवैभन्दा ठूलो भुमिका रहेको हुन्छ । तिनाउ गाउँपालिका भित्रको सवैभन्दा ठूलो कचल फाँटका लागि केन्द्र बाट प्रदेश सरकारहुदै बजेट विनियोजन भै नहर निर्माण भैरहेकोमा यस वर्ष सम्पन्न हुनेछ । वडागत रुपमा तपशिल बमोजिमका सिंचाई योजनाहरु संचालन गरिनेछ ।

वडा नं १ को फुलवारी टोल, जावुने, हात्तिमारा, मुहानटोल

वडा न. २ को जामुने, गणेशटोल, कुसुमडाँडा, मारावास बडहरे, खुलखुले , हापुर, बेवरे, सालबास, बोटेगाउ, घोडेवास, जिम्मालटोल, डोल, भर्के, भुताहा, उटुवा

वडा न. ३ फुलवारी, वेरुवा, काभ्राघाट, लामेदमार, अर्धाछाप, भुतखोला

वडा न. ४ खहरेखोला, मावसी खर्क, बेभके, दियाङखोला, खोर दमार, खिलुवाघाट, कोलकोली

वडा न. ५ कोलडाँडा बारीखेत चरचरे

वडा न. ६ भर्लाटारी सम्भोखर्क, तोरीबारी, भैसीकट्टा, झ्याङ्लाफाँट

सभाका माननीय सदस्यज्यूहरु,

## कृषि तथा पशुपालन तर्फ

तिनाउ गाउँपालिका कृषि तथा पशुपालनको लागि उपयुक्त स्थल मानिन्छ । यहाँ कृषिको लागि उर्वर फाँटहरु रहेको छ भने पशुपालनको लागि उपयुक्त बनजङ्गल, बोटविरुवा घाँस लगाउन प्रशस्त जमिनहरु रहेको छ । साथै बजारीकरणको लागि बुटवल बजार नजिकै रहेको छ । तिनाउ गाउँपालिकाले हेफर ईन्टिरनेसनल समेतको साझेदारीमा गतवर्ष देखि कृषि तथा पशुपालन उधमशिलता विकास परियोजना संचालन गरेको छ । यसबाट १२०० महिला तथा १५० युवा पुरुष गरी १३५० जनालाई बाख्रापालन बंगुर पालन वा तरकारी खेतीमा जोड्ने उनीहरुलाई तालिम दिने साथै दोभान क्षेत्रको दुग्ध संकलन केन्द्र स्थापना हुनेछ ।

कृषि तर्फ सदा झै  गहुँ, मकै, धानको विउ वितरण फलफुलको विरुवा वितरण, मिनिटिलर ५० प्रतिशत अनुदानमा वितरण, तरकारी विउविजन वितरण, तरकारी पकेट कार्यक्रम, कृषि पाठशाला, प्लास्टिक पोखरीको लागि प्लास्टिक वितरण, बाली संरक्षण शिविर तथा विषादी वितरण, आलु पकेट कार्यक्रम संचालन गरिनेछ ।

कृषि र पशुशाखा मार्फत २ वटा वडामा १। १ जना प्राविधिक रहने गरी कृषि तथा पशुसेवा सम्पर्क स्थल वडा नं. १ र २ को दोभानमा , वडा नं. ३ र ४ को झुम्सामा र वडा नं. ५ र ६ को डुम्रेमा स्थापना गरी कृषि लगायत पशु सेवा परामर्श दिने ब्यवस्था गरीनेछ । कृषि तथा पशु सेवा सम्पर्क केन्द्रबाट निशुल्क पशु औषधि वितरण, पशुलाई घरघर पुगेर भ्याक्सिन

लगाउने व्यवस्था, घाँसको विउवितरण, कृतिम गर्भाधान तथा दुग्ध सहकारी मार्फत दुध बिक्रिवितरण गर्ने कृषकलाई प्रतिलिटर रु २ अनुदानको व्यवस्था गरीनेछ ।

वडा नं. ५ कोलडाडामा तुइन बाट कृषि उपज ढुवानी भैरहेकोमा गत वर्षको वर्षादले तुइनलाई क्षेती ग्रस्त वनाएकोले कृषि उपज ढुवानीमा समस्या आएकोले यस आ.ब.मा तुईन मर्मत गरी संचालनमा ल्याइनेछ ।

## स्वास्थ्य तर्फ

- नेपालको संविधानमा नै आधारभुत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रुपमा इंगित गरेको परिपेक्ष्यमा तिनाउँ गाउँपालिकाले पनि ४ वटा स्वास्थ्य चौकीहरु तथा १० वटा सामुदायिक स्वास्थ्य इकाईहरुबाट आधारभुत स्वास्थ्य सेवा दिदै आएको छ । भौगोलिक विकटता, छरिएका वस्तीहरु, स्वास्थ्य जनचेतनाको कमी रहनुका बाबजुद पनि तिनाउ गाउँपालिकाले उपचारात्मक, प्रबर्द्धनात्मक, प्रतिकारात्मक र आधारभूत प्राथमिक उपचार सेवा पुऱ्याउन प्रयासरत रहेको छ ।
- कोराना भाइरस संक्रमण रोकथामको लागि विविध कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाबाट १० ओटा सामुदायिक स्वास्थ्य इकाईका लागि करारमा १४ जना कर्मचारीको व्यवस्थापन गरी स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएकोमा सो सेवा लाई गुणस्तरीय वनाई निरन्तरता दिइनेछ ।
- यसै गत आ.ब. मा तिनाउ गाउँपालिका अन्तर्गतको दोभान स्वास्थ्य चौकीमा बर्थिङ सेण्टर र ल्याब सेवा संचालनमा आएको र यस आ.ब.मा आँखा क्लीनिक पनि सुचारु गरिने छ ।
- जिल्ला आयुर्वेद अस्पताल मातहतमा तिनाउ गाउँपालिकामा आयुर्वेद औषधालयको शाखा स्थापना भई संचालनमा आएको र उक्त सेवालाई निरन्तरता दिइने छ ।
- यस आर्थिक वर्षमा पनि संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न नेपाल सरकारले दिने यातायात खर्चको अलावा थप दुई हजार यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गर्भजाचलाई प्रोत्साहन गर्न हरेक गर्भजाचमा एक क्यारेट अण्डा उपहार दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- स्वास्थ्यको क्षेत्रमा धरोहरको रुपमा रहेका महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रोत्साहन गर्नका लागि मासिक गाउँपालिका बाट थप रु.एक हजार यातायात खर्चको ब्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरुलाई निशुल्क औषधि, उपकरण तथा अन्य आवश्यक सामानहरु उपलब्ध गराईने छ ।
- स्वास्थ्य क्षेत्रका सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्दै कार्यक्रमहरु अघि बढाईनेछ
- आगामी बर्ष भित्रमा सम्पूर्ण स्वास्थ्य चौकीहरुबाट गर्भजाच, एच आई भि जाच तथा ५ किसिमका परिवार नियोजनका साधनहरु निशुल्क उपलब्ध गराईनेछ ।
- आगामी  वर्षहरुमा क्रमश पालिकाभित्र ४ स्थानमा प्रसुति केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- तिनाउ गाउपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई आगामी बर्ष भित्रमा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्न आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेको क्षेत्रमा प्रत्येक हप्ताको १ दिन नियमित गाउँघर क्लिनिक सेवा सञ्चालन गरिनेछ ।
- प्रत्येक स्वास्थ्य चौकीहरुमा आईस प्याकको ब्यवस्थापन गरी खोप कार्यक्रमलाई प्रभावकारी बनाउन रेफ्रिजेरेटरको ब्यवस्थापन गरिनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नु विद्यालय स्वास्थय कमीटी गठन गर्नका साथै विद्यार्थी र अभिभावकहरुलाई पनि विद्यालय उमेर समुहमा देखिने स्वास्थ्य समस्या तथा मनोविज्ञानको बारेमा अभिमुखिकरण गरिनेछ ।
- नसर्ने रोगहरुको स्थितिलाई नियन्त्रण गर्न विद्यालय, आमा समुह, सम्पूर्ण टोल बस्तिहरुमा नसर्ने रोग सम्बन्धि अभिमुखिकरण गरिनेछ ।
- माग तथा आवश्यकता पहिचानगरी स्वास्थ्य सम्बन्धि शिविरहरु निरन्तर रुपमा सञ्चालन गरिनेछन ।
- विद्यालयका कक्षा कोठाहरुमा खोप, परिवार योजना, पोषण तथा अन्य स्वास्थ्य सम्बन्धि जानकारी मुलक सुचनाहरु टास गरी स्वास्थ्य सेवाको बारेमा विद्यालय स्तर देखि नै विद्यार्थीहरुलाई जानकारी गराईनेछ

- आ.ब.०७७।०७८ देखि गाउँपालिकाको सहयोगमा एम्बुलेन्स संचालन कार्यविधी वनाई रेडक्रस सोसाइटी तिनाउ उपशाखा मार्फत संचालन मा ल्याइको सेवालाई थप व्यवस्थित गराई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा जग्गा व्यवस्था भए पश्च्यात गाउँपालिका स्तरीय अस्पतालको निर्मार्ण कार्य को प्रकृया अगाडी वढाइने छ ।
- वडा नं. ३ अर्घाछापमा हाइवे अस्पताल निर्माण गर्न पहल गरिने छ ।

सभाका माननीय सदस्यज्यूहरु,

**शिक्षा तर्फ**

तिनाउ गा.पा.अन्तर्गत विद्यालयमा आधारित बाल विकास केन्द्र ३३ वटा र समुदायमा आधारित ८ वटा गाउपालिकावाट अनुदान प्राप्त ३ गरी ४४ बालविकास केन्द्र रहेका छन । यस पालिकाभित्र माध्यामिक विद्यालय ९ वटा, आधारभूत विद्यालय ११ वटा र प्राथमिक विद्यालय २० गरी ४० वटा विद्यालय संचालनमा रहेका छन । वडा नं. ६ मस्यामको डुम्रेमा एक मस्याम एकिकृत क्याम्पस संचालनमा रहेको छ । वडा नं. २ दोभान मा.वि.मा बाली विज्ञान र वडा नं. ३ तिलोत्तमा मा.वि.झुम्सामा अटोमोवाइल प्राविधिक शिक्षा संचालनमा रहेको छ ।

१. आधारभूत तहका विद्यालयहरुमा आउँदो शैक्षिक सत्र देखि अनिवार्य रुपमा १ देखि ३ सम्मको कक्षामा अंग्रेजी माध्यमबाट अध्यापन गराइने कार्यलाइ निरन्तरता दिइने छ ।

२. यस गाउपालिका भित्रका माध्यामीक विद्यालयहरुलाई आवासिय विद्यालयको रुपमा विकास गरिदै लगिने छ ।

३. पालिकाभित्र रहेका अभिभावक विहीन असहाय, अनाथ बालबालिकालाई माध्यमिक स्तर सम्मको शिक्षामा विशेष सहयोग गरिने कार्यक्रम ल्याइने छ ।

४. विद्यालय सुधार तथा सुशासनको लागि विधालयहरुलाई क्रमश प्रविधि मैत्री गराइनेछ ।

५. आवश्यकता अनुसारको शिक्षक तालिमको व्यवस्था गरिने छ ।

६. विधालय स्तरिय विभिन्न अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिताहरु आयोजना गरिने छ

७. विधालय अनुगमन र निरिक्षण नियमित ब्यवस्थित र वैज्ञानिक गरिने छ ।

८. उत्कृष्ट विधालय, विधार्थीलाई पुरष्कृत गरिने छ ।

९. बालविकास केन्द्रको वसाई ब्यवस्थापन, भित्तेलेखन तथा शिक्षिकाहरुलाई विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने छ साथै बाल मैत्री सिकाई क्रियाकलापलाई जोड दिई बालमैत्री विद्यालय बनाउने अभियान संचालन गरिनेछ ।

१०.स्थानीय पाठ्यक्रम निर्माण गर्न विज्ञहरुको सल्लाह सभ्ाव परामर्श, छलफल अन्तरकृया लिई पाठ्यक्रम तयार गरी आधारभूत तहमा क्रमश लागु गरिदैं लगिनेछ ।

११. विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान गरिने छ ।

१२. मस्याम एकिकृत क्याम्पसलाई शैक्षिक सामग्री तथा फर्निचरमा सहयोग गरिनेछ ।

## भवन तर्फ

आधुनिक र सुरक्षित भवन गाउँपालिकाको गहना हो । गाउँपालिकाले भवन निर्माणमा भूकम्प प्रतिरोधी घर निर्माण गर्ने, घर बनाउदा गाउँपालिकाले पास गरेको तिनाउ भवन निर्माण मापदण्ड २०७७ लाई पूर्ण रुपमा पालना गरिनेछ । साथै पुराना वनी सकेका घरहरुलाई पनि अभिलेखिकरणको प्रकृयामा समावेश गरिनेछ । पालिका भित्र रहेका विभिन्न मोटरवाटोको किनारमा घर वनाउदा गाउपालिका बाट पास गरी तोकिएको सडकको मापदण्ड (Right of Way) पुरागरी भवन निर्माण गर्ने ब्यवस्था मिलाईने छ ।

- तिनाउ गाउँपालिकाले करिव रु.६ करोड को लागत अनुमान तयार भएकोमा पहिलो वर्ष २ करोड ६९ लाखमा पहिलो तलाको कार्यालय भवन निर्माणको कार्य सम्पन्न भएकोले भवन उद्घाटन गरी नयाँ भवनमा कार्यालय संचालन गरिने छ ।
- लाइभस्टक इनोभेसन प्रोजेक्टको सहयोगमा तिनाउ २ दोभान मा १ करोड ५० लाखको लागतमा पशुसेवा भवन निर्माण सम्पन्न भएकोले यसै आ.ब.मा कार्यालय संचालन गरिने छ ।
- करिव रु. १ करोण १८ लाखको लागतमा तिनाउ ३ भुम्सामा तिलोत्तमा प्राविधिक शिक्षालय भवन यस आ.ब.मा निर्माण सम्पन्न गरी कक्षा संचालन गरिनेछ ।
- तिनाउ गाउँपालिकाको बहुउद्देश्य सभाहल आगामी यस आ.ब. मा सम्पन्न गरी संचालनमा ल्याइने छ ।

- वडा नं. ४ र ५ को वडा कार्यालय भवन यस आ.ब. मा सम्पन्न गरि कार्यालय संचालन गरिने छ ।
- वडा नं. ३ र ६ को वडा कार्यालय भवन यसै आ.ब.सम्पन्न गरिनेछ ।
- वडा नं. ६ मा स्वास्थ्यचौकी भवन यसै आ.ब.मा निर्माण सम्पन्न गरिनेछ ।
- राष्टिय पुनःनिर्माण प्राधिकरणवाट गत वर्ष मा २२ वटा विद्यालय भवन सम्पन्न भएको र शिक्षा विभाग र प्रदेशवाट ८ वटा गरी जम्मा ३० वटा भवन निर्माण संपन्न भई कक्षा संचालनमा रहेको र यस आ.ब.मा ज्ञानोदय मा.वि ओखलढुंगामा ४ कोठे , आदर्श आधारभूत विद्यालय ज्यामिरेमा ४ कोठे र थानीडाडा मा.वि.वगाहामा २ कोठे भवन निर्माण गरिनेछ ।
- कचल स्वास्थ्य चौकी भवन यसै आ.ब.मा सम्पन्न भई संचालनमा आउने छ ।
- स्वास्थ्य इकाई संचालन भएका स्थानहरुमा क्रमश भवन वनाउदै सेवा संचालन गरिने छ । भने आवश्यकता अनुसार विभिन्न स्थानमा सामुदायिक भवनहरु निर्माण गरिदै लगिने छ ।
- करिव २५ लाखमा निर्माण सम्पन्न भएको गणेश महिला सामुदायीक भवन संचालनमा ल्याइने छ ।
- वडा न. १ मा आरखोदी सामुदायिक भवन मुर्थुम सामुदायिक भवन , झिगामारा सामुदायिक भवन, मुहानटोल सामुदायिक भवन, खार्दिवाङसामुदायिक भवन, कुडापानी सामुदायिक भवन , कचल फुलवारी सामुदायिक भवन
- वडा न. २ मा हरियाली गाउ सामुदायिक भवन, सातपत्रे सामुदायिक भवन, सिर्जनशिल सामुदायिक भवन, मारावास सामुदायिक भवन
- वडा न. ३ मा कोईलि बालविकास भवन, बेरुवा सामुदायिक भवन
- वडा न. ४ मा दह महिला सामुदायिक भवन, थपनडाँडा सामुदायिक भवन, जाल्माघाट सामुदायिक भवन, बौरीडाँडा सामुदायिक भवन, छाप सामुदनयिक महिला भवन
- वडा न. ५ विस्कुनडाडा महिला भवन, मरामकोट महिला भवन, खमौरीटोल कोलडाडा भवन, सिमलडाँडा टोल भवन, घुघराछाप भवन, मनोकामना सामुदायिक भवन मर्मत
- वडा न. ६ डुम्रे सामुदायिक भवन, पाटन सामुदायिक भवन, कालिमाटी सामुदायिक भवन, सारुटोल सामुदायिक भवन, पोखरडाडा चिदीस सामुदायिक भवन, कोलाङ सामुदायिक भवन, सिसुवा सामुदायिक भवन, मस्याम महिला कल्याण संघ सामुदायिक भवन, जन्तीलुङ रिपाहा सामुदायिक भवन, भुइनाथदेवी सामुदायिक भवन ।

## विद्युतीकरण तर्फ ः

विद्युतीकरण विकासको अनिवार्य सर्त हो । विद्युतीकरण विना आधुनिक समाजको कल्पना गर्न सकिदैन । तिनाउ गाउँपालिकामा जननिर्वाचित जनप्रतिनिधिहरु आइसके पछि पाटन, वौरीडाडाका, सुकेतालका खुर्सने आरखुदी, कोलडाडा र विष्कुनडाडा गरी ४८० घरधुरी, लाई राष्ट्रिय प्रसारण लाइनमा समावेश गराइ सकिएकोछ । यस आ.ब.मा ओखलढुंगा, बुढीकोट, काफलवारी, ठाडे, रितुङ, कचलफाँट, ताल, कुडापानी, थपनडाडा, गिजनचौर, छाँप, मधुवन का सबै घरधुरी गरी करिव ८०० लाई राष्ट्रिय प्रसारण लाइनमा समावेश गराइनेछ ।

- प्रदेश सरकारको करिव २८ लाख लगानीमा झिगामारा र ठुलीउदाङका पुराना काठकापोलहरु विस्थापित गरी फलामे पोलमा विद्युत लाइन संचालन गरिनेछ । अझै पनि कहि कतै काठेपोल भएमा उक्त पोलहरु विस्थापित गरी फलामे पोल राखीने छ ।
- त्यस पश्च्यात तिनाउको सबै टोल वस्तीमा विद्युतीकरणको कार्य सम्पन्न हुनेछ र विद्युतीकरणको कार्य पुरा भएपछि विद्युतीय चुलोमा अनुदानको ब्यवस्था गरी वन वातावरण संरक्षणमा सहयोग पुऱ्याइने छ ।

## खानी, खनिज पदार्थ र नदिजन्य पदार्थ तर्फ ः

तिनाउ गाउँपालिका खानी तथा खनिज पदार्थमा धनी गाउँपालिका हो । यहाँ हाल सम्म ६ वटा चुनढुंगा खानी र एक वटा फलाम खानी दर्ता भई संचालनमा आइरहेका छन र केही थप चुनढुंगा खानी र ढुंगाखानी दर्ता भई संचालन हुने अवस्थामा रहेका छन । हाल सम्म तिनाउँ गाउँपालिकामा खानी उद्योग संचालनको रोयाल्टीवाट उठेको रकमको १० प्रतिशतले हुन आउने रकम र थप वातावरणीय शुल्कमा केही बृद्धि गरी गाउँपालिकाको खातामा प्राप्त हुने ब्यवस्था मिलाइनेछ । यस बाट केहि रोजगारीको सिर्जना भएको भएता पनि यसले वातावरण प्रदुषण, भू क्षय , वन विनासको खतरालाई पनि वढाएको छ । खानी संचालकले आफुले पुरा गर्नु पर्ने दायित्व भित्र पर्ने भू क्षय नियन्त्रण, वृक्षारोपण, धुलो नियन्त्रणलाई पुरा गराउन पहल गरिनेछ ।

## संस्कृति र पर्यटन

संस्कृति हाम्रो सम्पदा हो यसमा संरक्षण गर्न हाम्रो दायित्व हो । गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक तथा जातीय संस्कृति संरक्षण गर्ने गरी गाउपालिकाले संस्कृति संरक्षण र

प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न जरुरी छ । गाउँपालिका भित्र रहेका विभिन्न मठमन्दिर, गुम्वा र पुरातात्विक केन्द्रहरुको संरक्षण तथा संबर्द्धन गर्दै सबै संस्कृतिलाई समान महत्व दिने नीतिका साथ कार्यक्रम तर्जुमा गरिने छ । ठुलोनाच, सोरठी, झ्यारे जस्ता विभिन्न सास्कृतीक नाच तथा भेष भुसालाइ प्रवर्धन गर्दै गलिनेछ । तिनै संस्कृति र सांस्कृतिक सम्पदाहरुसंगै पर्यटन विकासका सम्भावना खोजी गरी पर्यटन विकास बाट आर्थिक लाभ लिने तर्फ पालिकाले जोड दिनेछ । प्राकृतिक सम्पदाहरुको पहिचान प्रचार प्रसार संरक्षण तथा सम्बर्द्धन गर्दै जनताको आर्थिक र सामाजिक विकास तथा एकता कायम गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरु सन्चालन गरिने छ । पार्क निर्माण, होमस्टे सन्चालन र प्रवर्द्धन सहित उच्च समस्थली भू-भागमा पोखरी र ताल तलैया निर्माण एवं संरक्षणका कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।

१. सिद्धवबाबा मन्दिर, नुवाकोट, सत्यवतिताल, सुकेताल, वसन्तपुर, गड्डा, हात्तीकोट, झ्याËला, जन्तिलुË, मरामकोट, झिगामारा, ठुलिउदाË, गिन्टार कचलफाँट क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिदै लगिने छ ।

२. नुवाकोटमा उजिर सिं थापा, मणिमुकुण्दसेन स्मृति पार्क सास्कृतिक डबली निर्माण सम्पन्न भएको र यस आ.ब मा नेपाल अंग्रेज युद्ध स्मारक पार्क सिल्यान्यास भई निर्माण कार्य अगाडी वढेको

३. सत्यवतीताल पर्यटन प्रवर्धनका लागि गुरु योजना अनुसारका कार्यक्रम अगाडी वढाइनेछ ।

४. तिन पोखरी काललाई कृतिम ताल निर्माणका लागि गा.पाको अनुरोधमा प्रदेश सरकार वाट वजेट माग गरिएकोमा र यसै आ.ब.मा निर्माणकार्य शुभारम्भ गरिनेछ ।

६. सुकेतालमा संन्चालित होमस्टे प्रवर्द्धन गर्दै तालको क्षेत्र विस्तार गरि डुËा सन्चालन भैसकेको हुँदा बाँकी प्रर्बद्धनका कार्यहरु अगाडी बढाइने छ ।

७. यस गा.पा. भित्र रहेका तालतलैया, झरनाहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिदै लगिनेछ । चुनमाया पार्क जाने वाटो निर्माण गरिनेछ ।

८. अविरल पार्क र खुलखुले पार्कको निर्माण कार्यलाई प्रदेश सरकार संगको साझेदारीमा अगाडी बढाइनेछ । अन्य पर्यटकीय स्थान गुफाचौर, देवीस्थान, कौडेलेक, माइला चौरपार्क,

बोक्से खोला झरना, भूतखोलाको सिद्ध सरोवर, खुलखुले पार्क, अब्राहम पार्क, भर्तृहरी पार्क, चुनुमाया स्मृति पार्क, रेम्वो पार्क, लगायतका सम्भावित पर्यटकीय क्षेत्रको विकासलाई आगामी दिनमा अगाडी बढाउदै लगिनेछ ।

८. निजी क्षेत्रबाट नुवाकोट, बसन्तपुर र सत्यवती ताल सम्म जाने गरी सुरु गरिएका केवुलकार निर्माणको कामलाई गाउँपालिकाबाट आवश्यक सहयोग र सहजीकरण एवं सहयोग गरिनेछ ।

### न्यायीक समिति तर्फ :

यस गाउँपालिका अन्तर्गत संविधान एवं स्थानीय सरकार संचालन ऐन अनुसार उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समीति रहेको सबैमा विदितै छ । ऐन अनुसार तोकिएका न्यायिक क्षेत्राधिकार भित्र रही उजुरीदर्ता देखि न्यायिक निरुपण गर्ने कार्य यस समितिबाट गरिनेछ छ ।

- न्यायिक सचिवालयको ब्यवस्थापन भएको छ ।
- ६ वटा मेलमिलाप केन्द्र स्थापना भएका छन ति केन्द्रलाई ब्यवस्थीत एवं सकृय वनाइनेछ ।
- नियमित रुपमा न्यायिक समितिको बैठक वसी न्यनयिक क्षेत्रका जटिलताहरु पहिचान गरी सम्वन्धित निकायमा परामर्श गर्ने गरिएको ।
- आ.ब. ०७७।०७८ मा न्यायिक समितिमा १० वटा उजुरी परि ६ वटा उजुरीको न्यायिक निरुपण सम्पन्न भएका ।
- न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीलाई न्यायिक निरुपण सम्वन्धि पुनरताजगि तालिम सम्पन्न भएको ।

### सभाका माननीय सदस्यज्यूहरु

### यस आ.ब.मा गरिने कार्यक्रम

स्थानीय सरकार तिनाउ गाउँपालिका अन्तर्गत रहेका नागरिकहरु कोही पनि सामान्य देखि जटिल विवादका विषयहरु मध्ये आफुलाई प्राप्त अधिकारको निष्पक्ष, स्वतन्त्र तवरले न्यायिक निरुपण गरी सबैका लागि समान न्याय प्रदान गर्नु हाम्रो कर्तव्य हो समान न्याय प्रदान गर्न न्यायिक समितिका पदाधिकारी एवं कर्मचारी, मेलमिलापकर्ता, सहजिकरण गर्ने व्यक्ति एवं सम्पूर्ण नागरिकलाई न्यायको क्षेत्रमा सचेतना जगाउदै यसलाई आगामी दिनमा छिटो छरितो, विश्वासिलो एवं निष्पक्ष तवरले न्यायिक निरुपणलाई तिव्रता प्रदान गर्न तपशिलका कार्यक्रम संचालन गरिनेछन ।

- न्यायिक क्षेत्राधिकारका वारेमा नागरिक सचेतना सम्वन्धि तालिम संचालन गरिनेछ ।
- महीला संजालका महिलाहरुलाई कानूनी सचेतना तालिम संचालन गरिनेछ ।
- मेलमिलाप कर्तालाई सहजीकरण गर्न सक्ने गरी क्षमता विकास तथा पुनरताजगी तालिम संचालन गरिने छ ।
- पालिका स्तरिय मेलमिलाप केन्द्र स्थापना गरिने छ ।
- मेलमिलाप कर्ताले मेलमिलाप गरायको प्रतिवेदन न्यायीक समितिमा पेश गरेको अवस्थामा न्यायीक समितिबाट तोकिएको भत्ता उपलब्ध गराइने छ ।

## सूचना प्रविधि तर्फ

तिनाउ गाउँपालिका सम्पुर्ण कर्मचारी र जनप्रतिनिधीहरु लगायत अन्य कर्मचरीहरुलाई ICT को महत्व वृद्धि तथा विस्तार गरिने छ गाउँसभा सदस्य तथा विभिन्न उपसमिति संयोजक ज्यूहरुमाझ सुचना तथा संचार प्रणाली सुव्यवस्थित वनाउनका लागि स्मार्ट फोन तथा सुचना प्रबिधि तालिम संचालनमा ल्याइनेछ ।

गाउँपालिका बासी जनताहरुमा सुचना प्रबिधिको पहुच पुयाई विद्युतिय शुशाशन सेवालाई सेवाग्राही केन्द्रित गराउनका लागिPaperless अवधारणा लाई कार्यान्वयनमा क्रमश ल्याइनेछ ।

सुचना प्रविधिको अत्यधिक प्रयोग गर्ने, योजना र प्रशासन जस्ताका सफ्टवेयर जडान गर्ने लगायत प्रशासनिक सम्पुर्ण काम काज कम्प्युटराइज गर्न ICT सम्बन्धि तालिम दिने व्यवस्था गरिनेछ ।

वेवसाइट र मोवाइल एपको प्रयोग गरि सुचना प्रवाह बढाउने र इन्टरनेट जडानलाई विस्तार गरि गाउँपालिकाका जनताहरुलाई डिजिटल साक्षर वनाउदै शिक्षा शाखा संग समन्वय गरी यस गाउँपालिका भित्र रहेका विद्यालयहरुका शिक्षकहरुलाई ICT प्रयोग सम्बन्धि तालिम दिने व्यवस्था मिलाइने छ ।

## खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) योजना सम्बन्धी

तिनाउ गाउँपालिकाका सबै ६ वटा वडाका ४,२०६ घरधुरीको खानेपानी तथा सरसफाइ तथा स्वच्छता सर्वेक्षण गरि तथ्याकं संकलन भएको ।

NWASH घरधुरी सर्वेक्षण प्रतिवेदन अनुसार ३९५ घरधुरीहरुले असुरक्षित मुलको पानी प्रयोग र १५६ घरधुरीहरुले असुरक्षित कुवाँ, खोला, पोखरीको प्रयोग गर्ने घरधुरीको संख्या घटाउदै लगिनेछ ।

शौचालय विहिन ९२ घर परिवारलाई चर्पि बनाउन सहयोग साथै प्रात्साहन गरिने छ ।

## गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)

स्थानीय तहमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) द्धारा सञ्चालित कार्यक्रमबाट आफ्नै स्रोतवाट संचालन गर्ने लघु उद्यम/उद्यमशीलता विकास/रोजगारी सिर्जना गर्ने जस्ता कार्यक्रमलाई बढाइने छ ।गरिबीको रेखाभित्र पर्नेहरू मध्ये ६० प्रतिशतभन्दा कम आय भएका व्यक्तिलाई उद्यमी सिर्जना,प्रवर्द्धन, विकास तथा विस्तारका लागि व्यावसायिक सिपमुलक तालिम सञ्चालन गरिने छ । अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातिहरू, दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रहरुमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

## राष्ट्रिय परिचय पत्र तथा पंञ्जिकरण विभाग

राष्ट्रिय परिचय पत्र तथा पंञ्जिकरण विभाग अन्तरगत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घट्ना दर्ता प्रणाली सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

पंञ्जिकरण शाखामा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकको लागि एक चौमासिक बराबरको पारिश्रमिक श्रोत साझेदारी गरिने छ ।

## पुनः निर्माण प्राधिकरण कार्यक्रम तर्फ

२०७२ साल वैशाख १२ गते शनिबार गएको भूकम्पमा परी ८ हजार ५ सय ५६ जनाको मृत्यु भएको थियो भने २२ हजार ३ सय ९ जना घाइते भएका थिए । गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर गएको यो भूकम्पमा परी २ हजार ६ सय ७३ सरकारी भवनहरूमा पूर्ण क्षति, ३ हजार ७ सय ५७ वटा सरकारी भवनमा आंशिक क्षति भएको थियो । यसैगरी ६ लाख २ हजार २ सय ५७ वटा सर्वसाधारणका घर पूर्ण क्षति र २ लाख ८५ हजार ९९ घरमा आंशिक क्षति भएको थियो ।

संचालित कार्यक्रम र उपलब्धी

- पाल्पा जिल्ला तिनाउ गाउपालिका  पूर्ण क्षेतीमा  पहिचान भएको लाभग्राही संख्या ३३४ रहेको छ जस मध्ये  ३०६ लाभग्राही ले अनुदान सम्झौता गरेका  छन् ।
- पूर्ण क्षेतीमा  पहिचान भएको लाभग्राही मध्ये २१७ जना घर निर्माण सम्पन्न गरि ३ लाख बुझी सकेका छन् भने बाकी लाभग्राहीहरु लाई पनि आ.ब. ०७७।७८ भित्र घर निर्माण सम्पन्न गराई भुक्तानी दिइने छ ।
- स्थानिय तहमा प्राविधिकहरू खटिनु र पुग्नु अगाडी लाभग्राहीहरूले  स्वयंले आफै घर निर्माण गरिसकेका ३६ जनालाइ  एकमुस्ट पुरै किस्ता अनुदान रकम निकासा उपलब्ध गराइएको ।
- तिनाउ गाउपालिकामा दर्ता भयका जम्मा गुनासो संख्या ११८ मध्ये ३७ जनाको फर्छौट गरिएको बाकी लाइ पनि आ.ब. ०७७।०७८ भित्रै फर्छौट गराइने छ ।
- तिनाउ गाउपालिकामा हाल सम्म पर्बलिकरणमा परेका जम्मा ७१ जना मध्ये २२ जनाको निरीक्षण गर्दा अति जिर्ण हुदा पूर्णक्षेतीमा परिबर्तन गरी नया घर निर्माण गरी सम्पन्न भएको ।
- हाल सम्म  १०० जना  मानिसहरुको सिकर्मी डकर्मी तालिम दिइएको र आवस्यक परेमा थप तालिमको ब्यवस्था गरिनेछ ।
- आगामी आ.ब.देखि बन्ने निजी आवासहरु पनि भूकम्प प्रतीरोधात्मक विधि प्रयोग गरी गाउँपालिकाबाट नक्शा स्विकृत गराई वनाउन पर्ने छ ।

## गरिबी न्यूनिकरण तथा रोजगारीमा बृद्धि : (प्रधानमन्त्री रोजगार कार्यक्रम)

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिकहकका रुपमा समावेश गरेको छ । सोही मौलिकहकको कार्यान्वयनगर्न आर्थिक बर्ष २०७५।७६ बाटप्रधानमन्त्री रोजगार कार्यक्रम सुरु भएको छ ।

- ➢ स्थानिय तहमा दर्ता भएका बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनाहरु संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक सुरक्षाको प्रत्याभूति गराइने छ ।
- ➢ कोभिड १९ को कारणले बैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गराउनआवश्यक ब्यवस्था गरिनेछ।
- ➢ दक्ष तथा सक्षमजनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचानगरि बेरोजगार ब्यक्तिलाई सिपविकास तालिमको ब्यवस्था गरिनेछ तथा तालिमका लागी सहजिकरणको ब्यवस्था गरिनेछ।
- ➢ आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ।
- ➢ रोजगार सेवा केन्द्र संचालन तथा ब्यवस्थापनमा थपप्रभावकारी बनाइनेछ ।
- ➢ पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई सामुदायिकमा संचालित आयोजनामा परिचालनगर्ने सम्बन्धमा आवश्यक ब्यवस्था गरिनेछ।
- ➢ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामक ालागि पारिश्रमिक आधारित सामुदायिक आयोजनाहरु संचालनलाई थपशसक्त रुपमा कार्यान्वयनगर्दै प्रत्यक्ष रोजगारीमा बृद्धिगराइनेछ।

## महिला तथा बालबालिका कार्यक्रम ः

महिला विकास कार्यक्रम मुख्यगरी अनभिज्ञ, विपन्न, विभेदित तथा विकासका अवसरहरु नपाएका महिलाहरुको वैयक्तिक, आर्थिक र सामाजिक सशक्तिकरण गर्ने खालको हो । महिला तथा लक्षित वर्गको क्षेत्रमा धेरै कार्यक्रमहरु भएता पनि वास्तविक लक्षित वर्गसम्म कार्यक्रमको पहुँच पुग्न सकेको देखिदैन तसर्थ नेपाल सरकारले लागू गरेका सशर्त अनुदानका कार्यक्रमहरुलाई यथावत् रुपमा लागू गर्दै पालिका स्तरबाट महिला तथा बालबालिका विकासमा वास्तविक लक्षित वर्गसम्म पहुँच पुग्ने गरी केही विशेष कार्यक्रम लागु गरिने छ ।

- महिला शसक्तिकरणको लागि बहस पैरवी गरी विपन्न वर्ग लक्षित वस्तुगत टेवा, आयआर्जन, सिप विकास र नेतृत्व तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लैगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अभियान, तालिम र जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- लैगिक हिंसा न्युनिकरण, प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरुलाई आत्मरक्षा तथा जीवनोपयोगी सिप सम्बन्धी तालिम सञ्चालन गरिनेछ
- अपाËता भएका ब्यक्तिहरुको परिचय पत्र वितरण तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ
- ज्येष्ठ नागरिकहरु लाई परिचय पत्र वितरण, दिवा सेवा कार्यक्रम, सम्मान कार्यक्रम तथा सरोकारवाला सँग अर्न्तक्रियाकार्यक्रमहरु सञ्चालन गरिनेछ
- लैगिक हिंसा निवारण एंव बालराहत कोष स्थापना गरिनेछ ।
- बालबालिकाहरु भविश्यका कर्णधार हुन । बालबचाउ, बालविकास, बालसंरक्षण, बालसहभागिताको अधिकार सुनिश्चित गर्न तिनाउ गाउँपालिकालाई आगामी ३ वर्ष भित्र बालमैत्री गाउँपालिका बनाउन बाललगानी नीति अबलम्वन गरी कार्यक्रम ल्याइनेछ ।
- अविभावक विहिन हिंसा पिडित बालबालीकाहरुलाई पठनपाठनको निम्ति बाल कोष स्थापना गरी सहयोग उपल्ब्ध गराइने छ ।
- बाल विबाहलाई न्यूनीकरण गर्न बाल विबाह विरुद्धको सचेतना अभियान संचालन गरिनेछ ।
- प्रत्येक वडामा वडा स्तरीय बाल संजाल निर्माणगरी सकृय वनाई पालिका स्तरीय बाल संजाल बाल संरक्षण समितिलाई सकृय रुपमा अगाडी बढाउने कार्यक्रम संचालन गरिनेछ ।
- बालविबाह, बहुविवाह तथा छुवाछुत जस्ता सामाजिक कुप्रथा तथा कुरीतिलाई अन्त्य गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## वन वातावरण तथा भू-संरक्षण

यस तिनाउ गाउँपालिकाको तल्लो भाग प्राय सवै चुरे क्षेत्रमा पर्दछ । भूबनोटका हिसावले चुरे क्षेत्र अति नै संवेदनशील क्षेत्रका रुपमा परिचित छ । यस क्षेत्रलाई बचावट गरी विपत न्युनिकरण गर्नु र भू-सुन्दरतालाई कायम राख्न जरुरी छ । नदी कटानबाट रोक्न वन क्षेत्रको सुरक्षा, वैज्ञानिकरण र ब्यवस्थित गर्नु र बातावरणलाई मानव तथा जीवमैत्री बनाइ प्राकृतिक

सन्तुलन कायम गर्ने तर्फ पालिकाले जोड दिनेछ । कचल खोला, तिनाउ खोला, बाह्रविसे, डुम्रे खोला, झुम्सा खोलामा तटबन्धनको कार्यक्रम, वन डढेलो नियन्त्रणका लागि अग्नि रेखा रेखाI न, डढेलो सचेतना कार्यक्रम, वृक्षारोपण कार्यक्रम जस्ता कार्यक्रमलाइ निरन्तरता दिइने छ । त्यस बाहेक वन उपभोक्ता समितीको विभिन्न कार्यक्रम तथा क्रियाकलाप बारेमा जानकारी लिने, र अतिक्रमण गर्ने कार्यलाई रोक्नका लागि सुरक्षात्मक ब्यवस्था कायम गर्ने तर्फ गाउँपालिकाको नीति रहेको छ । सब डिभिजन वन कार्यालय दोभान संगको सहकार्यमा दोभान नर्सरीमा कागती, दालचिनी लगायतका विरुवा उत्पादन गरिनेछ । गाउँपालिकाको पहलमा सरोकारवाला निकाय संगको छलफलबाट बन ऐन गाउँसभा बाट पास गरी लागु गरिनेछ ।

सभाका माननीय सदस्यज्यूहरु

## युवा तथा खेलकूद

सभ्य, अनुशासन र मर्यादित समाज निर्माणको आधार भनेको खेलकूद र कलाकारिता नै हो, यसले समाजलाई एकताको शुत्रमा बाँध्ने काम पनि गर्दछ । राष्ट्रिय पहिचान र गौरवको विषय पनि खेलकूद र कला नै हो, यसर्थ पालिकाले यस क्षेत्रको विकासका लागि पनि उत्तिकै महत्व दिनु पर्दछ । यसका लागि आगामी वर्ष युवाहरुको चाहाना र खेलखेल्ने सीपलाई महत्व दिदै यसको उचित ब्यवस्थापन गर्न पालिका स्तरीय खेलकुद आयोजना गरिनेछ र यसको ब्यवस्थापन पालिका स्तरीय युवा समितिले गर्ने छ । यस आ.ब.मा पनि तिनाउ अध्यक्ष कप भलिवल रनिË शिल्ड प्रतियोगिता संचालन गरि युवाहरुलाई परिचालित गरी कार्यक्रम तर्जुमा गरिने छ ।

- पालिका स्तरीय दोभानखेलमैदान र अर्घाछाप खेलमैदान निर्माणलाई अगाडी वढाइने छ ।
- बस्ती बस्तीमा भलिवल खेल मैदान निर्माण गरिदै लगिने छ ।
- युवाहरुका लागि स्वरोजगारमुलक ब्यवसायिक र सिपमूलक तालिम सन्चालन गरिने छ ।
- युवाहरुलाई खेलकुदका सामाग्री वितरण गरिने छ ।

## सहकारी

नेपाल सरकारको तीन खम्वे अर्थ नीति अन्तर्गत रहेको सहकारीको प्रवर्द्धन गरी सहकारीको पूंजिलाई अधिकतम उत्पादन र रोजगारीमूलक क्षेत्रमा लगानी गर्ने तर्फ उन्मुख गराउने उद्देश्य अनुरुप आवश्यक अनुगमन तथा नियमन गरिने छ । सहकारी सदस्यहरुलाई विशेष तालिम मार्फत क्षमता अभिबृद्धि गर्ने गरी वजेटको ब्यवस्था गरिने छ । एक घर एक सहकारी सदस्यको नीति लागु गर्दै सहकारी मार्फत उत्पादन वृद्धि गरिने छ । पालिका भित्रका कृषि संग आवद्ध सहकारीहरुलाई संजालमा आवद्ध गरि ब्यवसायीक तरकारी खेती प्रणालीमा अनुदान दिने साथै सहकारी मार्फत उत्पादित कृषिउपज विक्री वितरण प्रकृयालाई प्राथमिकता दिई उत्पादनका आधारमा कार्यविधि वनाई अनुदान समेतको ब्यवस्था गरिने छ । एकै कार्य क्षेत्र भित्र एकै विषयका एक भन्दा वढि सहकारी स्थापनालाई निरुत्साहित गरिने छ । हालको सहकारी नियमावली लागु हुनु भन्दा पहिले नै दर्ता भई चलिरहेका एकै प्रकृतीका सहकारीहरुलाई मर्ज गरिदै लगिने नीति पालना गरिने छ ।

## लैंËक समानता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग) कार्यक्रम

महिला, जनजाती, युवा, दलित, फरक क्षमता भएका ब्यक्ति, ज्येष्ठ नागरिक,एकल महिला, बालबालिका, लोपोन्मुख जाती सवैको सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने नेपाल सरकारको नीति अनुरुप लक्षित वर्गको सशक्तिकरणका विविध कार्यक्रम मार्फत समावेसी सिद्धान्त अनुरुप समताको अवस्थामा ल्याउन पालिका स्तरीय संजाल निर्माण कार्य सम्पन्न भई सकेको छ सोही सन्जाल मार्फत सन्जालको संयोजक जनप्रतिनिधिको रोहवरमा सम्वन्धीत शाखाको कर्मचारी मार्फत सशक्तिकरण, आर्यआर्जन, क्षमता विकास लगाएतका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्दै लगिने छ ।

## कर्मचारीकल्याण कोष

तिनाउ गाउँपालिकामा कार्यरत स्थानीय सेवा, अन्य सेवा वाट यस गाउपालिकामा कार्यरत स्थायी तथा अस्थायी कर्मचारीहरुलाई आफ्नो सेवा वाट अवकास लिदाका वखतमा उपलब्ध गराउनु पर्ने निवृत्तिभरण लगायतका सेवा सुविधा भुक्तानी दिन एक कर्मचारी कल्याणकोषको स्थापना गरी साल बसाली उक्त कोषमा कम्तीमा ५ लाख जम्मा गर्दै लगिने छ र भुक्तानी दिनेवेलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारवाट तयार गरिएको कार्यविधीका

आधारमा भुक्तानी दिने ब्यवस्था मिलाइने छ । यस कोषको रकम अन्य शिर्षकमा खर्च गर्न पाइने छैन ।

## विपद ब्यवस्थापन

मनसुनको समयमा भारी वर्षा, आगलागी, भूकम्प, आँधिबेरी जस्ता विपतले सार्वजनिक एवं निजी जीवनमा पर्ने असरलाई कम गर्न, पिडितलाई केही न केही राहतका प्याकेजद्वारा ती क्षेत्रहरुलाइ संबोधन गर्ने गरी एक विपद ब्यवस्थापन कोषको स्थापना गरी कार्यविधि समेत बनि सकेको अबस्था  छ । सो कोषलाइ बडोत्तरी गरी बिपदमा परेका नागरीकहरुलाइ छिटो भन्दा छिटो कार्यविधि बमोजिम राहत उपलब्ध गराउने कार्यलाइ ब्यबस्थित गरिदै लगिने छ । विपत ब्यवस्थापनका राहतका लागि आवश्यक सामाग्रीहरु खरिद गरिने छ । यस आ.ब. ०७८।०७९ मा कोभिड पोजेटीभ देखिएका होम आइसोलेशनमा रहेकालाई पोषण खर्च दिदै आएकोमा  उक्त रोगका कारण मृत्यु भएका परिवारलाई एकमुष्ट रु. २० हजार उपलब्ध गराइने छ ।

## सुकुम्बासी सम्वन्धमा

सुकुम्बासीहरुको पहिचान गरी त्यसको सुची तयार गर्ने कार्यलाइ अगाडी बडाइने छ साथै पालिकालाई सुकुम्बासी मुक्त क्षेत्रको रुपमा घोषणा गर्ने गरी कार्यक्रम ल्याईने छ । तिनाउ गाउँपालिका भित्र अब्यवस्थीत बसोवास रहेका करिव २००० जना र भूमीहीन करिव ३०० जना रहेको अनुमान गरीएको छ ।  हाल सम्म पालिका भित्र अब्यवस्थीत बसोवास गरेका ३०८ जनाको लगत तयार भएको छ भने भूमिहीन २० जनाको लगत तयार भएको छ । लगत कायम गर्ने कार्य निषेधाज्ञा खुले पछी क्रमश गरिदै लगिनेछ ।

## सेवाग्राही हेल्प डेक्स स्थापना

गाउँपालिका कार्यालयवाट सेवा लिन आउने सेवा ग्राहीहरु अलमलमा नपरुन र सेवाग्राहीहरुले पालिकावाट छिटोभन्दा छिटो सेवा प्राप्त गर्न सकुन भनी गाउ पालिकाले एक सेवाग्राही हेल्पडेक्स निर्माण गरी एक कर्मचारी समेतको ब्यवस्था मिलाउने छ । त्यस

हेल्पडेक्सवाट फोटोकपी, स्क्यानिङ, प्रीन्टीङ लगायत अन्य सेवाहरु सहुलियत दरमा सेवा पाउने ब्यवस्था मिलाइने छ ।

**विविधः**

- विशेषनापी कार्यालयबाट सुरु गरिएको डिजिटल नापी कार्यलाई तिनाउ गा.पा.का सबै वडाहरुमा क्रमश संचालन गरिनेछ ।
- संचारकर्मीहरु संगको सहकार्यमा गाउँपालिकाले गरेका कामको यथार्थ विवरण जनसमुदाय समक्ष पुऱ्याइनेछ ।
- जनताको सुसुचित हुनपाउने सूचनाको हक प्रत्याभूत गर्न कार्यालयबाट संपादित कार्यहरुको सार्वजनिक सुनवाई, सार्बजनिक परीक्षणलाई निरन्तरता दिइनेछ ।
- तिनाउ गाउँपालिकाको मुखपत्र तिनाउ संदेशलाई निरन्तरता दिइने छ ।
- गा.पा.का कर्मचारीहरुको लागि स्थानीय भत्ता लागु गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका उद्योग, कलकारखाना, फर्म, पसल, होटलहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरी दर्ता प्रमाणपत्र दिने र वार्षिक नविकरण गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ ।
- गाउँसभाबाट पारीत भएका योजनाहरुको हिउदे अधिवेशन पुर्वनै संभ्फौता गरी पूर्वाधार निर्माणकार्य सुरु गरिनेछ । चैत्र मसान्त सम्म पनि संभ्फौता गर्न नआएका योजनाहरुलाई अन्यत्र लगाइनेछ ।

सभाका माननीय सदस्यज्यूहरु

**अन्तमा,**

हामी अहिले एकातिर कोरोना भाईरस संक्रमण विरुद्ध सचेतना पूर्वक जुधेर विजय प्राप्त गर्नु परेकोछ भने अर्कोतर्फ विकास निर्माण र जनसेवाको काममा पनि उत्कृष्टता हासिल गर्नु परेकोछ । यसको लागि सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी, स्वाथ्यकर्मी, मित्रहरु एकतावद्ध भई र सकृयता पूर्वक लाग्न जरुरी छ । यसकोलागि कर्मचारी, स्वाथ्यकर्मी, समाजका अगुवा, बुद्धिजीवी, शिक्षक, समाज सेवी, पार्टि प्रतिनिधि सबैको साथ र सहयोग लिएर आम जनतालाई परिचालन गर्न म सम्पूर्ण जनप्रतिनिधि मित्रहरुलाई हार्दिक अपिल गर्दछु साथै दिनरात जनताका काममा खट्नुभएका जनप्रतिनिधि ज्यूहरु र लकडाउन लगायत विदाका दिनमा समेत दिनरात गाउपालिकाको काममा

खटिनुहुने कर्मचारी, स्वास्थ्यकर्मी, एवं दोभान चौकीका प्रहरी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आ.ब. ०७८।०७९ को प्रस्तुत तिनाउ गाउँपालिकाको नीति तथा कार्यक्रम सम्वन्धमा यस गरिमामय गाउँसभाका संपूर्ण सदस्यहरुको रचनात्मक सल्लाह सुझावको अपेक्षा राखेको छु । यो नीति तथा कार्यक्रम तय गर्दा नेपाल सरकार लुम्बिनी प्रदेश सरकारको नीति कार्यक्रमलाई समेत मध्यनजर राखिएको छ । गाउँपालिकाको ई मेलमा विभिन्न तिनाउबासी दिदी बहीनी दाजुभाईहरु बाट प्राप्त सुझावलाई समेत समावेश गरिएको छ । यस वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने शिलसिलामा अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याउनु हुने गा.पा. उपाध्यक्ष, प्र.प्र.अ., वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, लगायत विषयगत शाखा प्रमुखहरु, विषयगत समिति सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद

मिति २०७८।०३।०९